बैठक संख्या -४ (चार)

आज मिति २०८२ साल कात्तिक २४ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

**छलफलका विषयहरु:**

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वियनको समीक्षा सम्वन्धमा ।
२. ३ नं. वडा कार्यालय लखनटारमुनी सडक स्तरोन्नतिको भुक्तानी सम्बन्धमा ।
३. हिलेपानी चाम्बोट भालुखोप सडकको गत विगतको भुक्तानी दिन बाँकी रकम सम्वन्धमा ।
४. देउराली-गोठगाउँ-साँघुटार सडक अन्तर्गत चाम्बोट पुछरबारी खण्ड सडक मर्मत सम्वन्धमा ।
५. सार्वजनिक शौचालयको भुक्तानी सम्बन्धमा।
६. नगरपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत जनशक्ति व्यवस्थापन सम्वन्धमा।
७. अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ र मिति २०८२/०७/०२ गतेको परिपत्रका सम्बन्धमा ।
८. प्राविधिक भत्ता/इन्धन/मर्मत सुविधा सम्बन्धमा ।
९. नगर शिक्षा योजना,२०८२ स्वीकृत गर्ने सम्बन्धमा ।
१०. झोलुङ्गे पुलको माग पठाउने सम्बन्धमा ।
११. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८२ सञ्चालन सम्बन्धमा ।
१२. अपेक्षा कृषि तथा पशुपंछी कृषक समूह खारेजी अनुमोदन सम्बन्धमा ।
१३. फोहर प्रशोधन केन्द्र निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
१४. खाता फुकुवा सम्बन्धी न्यायिक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१५. नियमक निकायको सुझाव कार्यान्वयन सम्बन्धमा।
१६. Childaid network सँगको सम्झौता सम्बन्धमा
१७. लेखा समितिको निर्णय कार्यान्वयन सम्बन्धमा।
१८. आगलागी लगायतका विपद् प्रभावितलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
१९. घरबहाल सम्बन्धमा ।
२०. विविध ।

(लवश्री न्यौपाने)
प्रमुख

निर्णय नं. १

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिका, ३ नं. वडा कार्यालय लखनटारमुनी सडक स्तरोन्नतीका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा रु. ५,००,०००।- (पाँच लाख) बजेट विनियोजन भएकोमा उक्त कार्य गर्न प्राविधिकबाट लागत अनुमान तयार गर्दा भ्याट सहित रु.५,६६,२३४.९७ लाग्ने देखिएकोले नपुग हुने रकम रु.६६२३४.९७ मा कन्टेन्जेन्सी रकम कटाई प्राविधिकबाट तयार भएको कार्यसम्पन्न प्रतिवेदन अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक स्रोत वा अन्य मिल्दो शीर्षकमा बचत हुने रकमबाट थप गरी भुक्तानी दिने गरी मर्मत कार्य गराउने ।

निर्णय नं. ३

प्रस्ताव नं.३,६,७,८,१५ र १९ का सम्बन्धमा थप अध्ययन, परामर्श र छलफल गरी अर्को नगर कार्यपालिकाको बैठकमा निर्णय गर्ने ।

निर्णय नं. ४

आ.व. ०८०/०८१ मा श्री अंशु विल्डर्स मार्फत निर्माण कार्य भएको देउराली गोठगाउँ साँघुटार सडक अन्तर्गत चाम्बोट पुछरबारी सडक खण्डमा सडक माथी पहिरो गई पर्खाल भत्किई मर्मत सम्भार गर्नु पर्ने देखिएकोमा यस कार्यालयका प्राविधिकवाट उक्त कार्यको लागत अनुमान तयार गर्दा रु.९,२३,६८९.०४ लाग्ने देखिएको अवस्थामा सम्वन्धित ठेकेदारलाई उक्त कार्य गर्न पटक पटक ताकेता गर्दा समेत हालसम्म अटेर गरेको कारण निजको उक्त ठेक्काको यस कार्यालयमा रहेको धरौटी रकम रु. ३,६७,०७९.९५ जफत गरी बाँकी रकम रु.५,५६,६०९.०९ चालु आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक स्रोत वा अन्य मिल्दो शीर्षकमा वचत हुने रकमवाट थप गरी भुक्तानी दिने गरी मर्मत कार्य गराउने ।

निर्णय नं. ५

रामेछाप नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने क्रममा नगरका विभिन्न स्थानमा गत आ.व.२०८१/०८२ मा निर्माण कार्य प्रारम्भ भई अधुरा रहेका सार्वजनिक शौचालयहरुको निर्माण कार्य हाल सम्पन्न भएकोले चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमको सम्वन्धित शीर्षकमा विनियोजित रकमवाट प्राविधिक मूल्यांकनका आधारमा रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने।

निर्णय नं. ६

सरल जनसेवा केन्द्र प्रा.लि. काठमाडौंको सहजिकरणमा ड्राफ्ट तयार भई नगर शिक्षा योजना निर्माण समिति, मस्यौदा लेखन कार्यदल लगायत सरोकारवालाहरुसँगको छलफल र अन्तर्क्रिया भई तयार भएको रामेछाप नगरपालिकाको नगर शिक्षा योजना,२०८२ स्वीकृत गरियो ।

CamScanner

निर्णय नं. ७

स्थानीय जनतालाई आधारभूत सेवा सम्म सुरक्षित पहुँच पुऱ्याउने उदेश्यले रामेछाप नगरपालिका भित्रका देहायका खोला नाला तरितराउका लागि आवश्यकता पहिचान भएका स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित वडाबाट माग भई आएकोले उक्त स्थानमा झोलुङ्गे पुल निर्माणको लागि देहाय बमोजिम प्राथमिकता क्रम तोकी कार्यक्रम तथा बजेट व्यवस्थापनको लागि स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखा, श्रीमहल पुल्चोक, ललितपुरमा माग गर्ने ।

| क्र.सं | झोलुङ्ग पुलको नाम | खोला/नदिको नाम | ठेगाना |
|---|---|---|---|
| १ | धुसिनी-घुमाउनेटार जोड्ने | फुन्द्रीखोला | रा.न.पा-४/५ |
| २ | बरबोटेढाडेबाट लिखुतामाकोसी-४ चालिसे जोड्ने | लर्खुखोला | रा.न.पा-१ |
| ३ | कोरमाना-कालीआँप जोड्ने | सुनकोशी | रा.न.पा-५ |
| ४ | मरिङघाटबाट पारी गोलञ्जोर जोड्ने | सुनकोशी | रा.न.पा.९ |
| ५ | शेराबेशीबाट लिखुतामाकोसी-३ पहरे जोड्ने | गोगनेखोला | रा.न.पा-१ |
| ६ | चिम्खीटारबाट गोलञ्जोर-३, डिडडिङबेसी जोड्ने | सुनकोशी | रा.न.पा-७ |
| ७ | घागर-च्याकुटार जोड्ने | सुनकोशी | रा.न.पा-५ |
| ८ | मरेङ्गेबेशी-कुडुले जोड्ने | सुनकोशी | रा.न.पा-५ |
| ९ | देवीगाँउ फेदी- भिरकोट जोड्ने | फलाटेखोला | रा.न.पा-४ |
| १० | कुमलटारबाट हिमगंगा मा. वि. जोड्ने | भ्याकुरेखोला | रा.न.पा-३ |

निर्णय नं. ८

यस नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर खेलकुद विकास समितिको सिफारिसमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता,२०८२ यही मिति २०८२ साल मंसिर ११ गतेदेखि १३ गतेसम्म सञ्चालन गर्ने गरी सम्बन्धित सबै विद्यालयलाई जानकारी पठाउने ।

निर्णय नं. ९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंको प.सं.४/स्थानीय/११४५ /०८२/८३ (S) ८००८ मिति २०८२/०५/०६ को पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास, महोत्तरीको प.सं. २०८२/०८३/अनु३(च)/ ४०८/C-००८२९३, च.नं.६४९/BDS/8283-8002 मिति २०८२/०५/०६ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्रानुसार रामेछाप नगरपालिका वडा नं.३ सौंघुटारमा श्री मेनुका सुवेदीको अध्यक्षता दर्ता रहेको अपेक्षा कृषि तथा पशुपन्छी कृषक समूहलाई मिति २०८२/०६/२६ गतेको नगर प्रमुखस्तरीय निर्णयले गरेको दर्ता खारेजीको निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १०

रामेछाप नगरपालिका क्षेत्रभित्रको फोहोरमैलालाई स्रोतमै न्यूनीकरण र पृथकीकरण गर्न तथा दीर्घकालिन रुपमा संकलन, प्रशोधन र व्यवस्थापन गर्नका लागि रामेछाप नगरपालिका वडा नं.८ भोर्लेमा साविक देखिनै फोहोरमैला संकलन केन्द्रको रुपमा प्रयोग हुदै आएको पूर्व कि.नं.१२९, पश्चिम कि.नं.१३२, दक्षिण कि.नं.१३५ र उत्तरमा खोला किनारमा रहेको नदी उकास जग्गामा फोहोर मैला प्रशोधन केन्द्र/Transfer Station निर्माण गर्न उपयुक्त हुने भएकोले उक्त कार्यको लागि जग्गा प्राप्ति र आवश्यक बजेट व्यवस्थापनका लागि शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बबरमहल काठमाडौंमा अनुरोध गर्ने।

निर्णय नं. ११

रामेछाप नगरपालिका वडा नं.४ बस्ने निवेदक कर्ण कुमारी दर्लामी मगर र प्रतिवादी इन्द्र बहादुर दर्लामी मगरबीचको पत्निलाई इज्जत आमद अनुसार खानलाउन नदिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०८२/०१/३१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार इन्द्र बहादुर दर्लामी मगरको राष्ट्रिय वाणिज्य बैंक शाखामा रहेको पेन्सन खाता नं.१०२०१०००००५६४०१८ अर्को व्यवस्था नभएसम्मको लागि रोक्का भएकोमा निजहरु दुबै पक्ष न्यायिक समिति समक्ष उपस्थित भई २०८२ साल असोज ७ गते मिलापत्र गरेकोले न्यायिक समिति संयोजकबाट मिति २०८२/०६/०७ मा भएको निर्णय अनुसार यस कार्यालयको च.नं.३७६ मिति २०८२/०६/०७ पत्रद्धारा निजको उक्त रोक्का खाता फुकुवा गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १२

यही मिति २०८२ असोज १७ गते देखि १९ गते सम्म परेको अविरल वर्षाका कारण यस नगरपालिकाको वडा नं.५ कोलञ्जोरघाट स्थित श्री शिवालय आधारभूत विद्यालयको भवन पहिरोबाट पूर्णरुपमा क्षति भएको र तत्काल स्थायी रुपमा उक्त क्षतिग्रस्त भवनको पुन:निर्माण गर्न सम्भव नभएको कारण बालवालिकाहरुको पठन पाठन कार्य प्रभावित भएकोले रामेछाप नगरपालिकामा मिति २०८२/०६/२४ गते बसेको नगरस्तरीय विपद व्यवस्थापन समितिको बैठकको निर्णयानुसार उक्त स्थान आसपासमा Childaid Network Foundation/सेतो गुराँस राष्ट्रिय बालविकास केन्द्र, झम्सिखेल ललितपुरको ७० प्रतिशत र यस कार्यालय र सम्वन्धित विद्यालय व्यवस्थापन समितिबाट बाँकी ३० प्रतिशत रकम लागत साझेदारीमा अस्थायी सिकाई केन्द्र (TLC) निर्माण गर्ने गरी प्राविधिक शाखाबाट तयार भएको रु.८,९३,७६०।- को लागत अनुमान स्वीकृत गरी उक्त कार्यका लागि त्रिपक्षीय सम्झौता प्रक्रिया अगाडी वढाउने।

निर्णय नं. १३

महालेखा परीक्षकको कार्यालयबाट खटिई आएको टोलीबाट रामेछाप नगरपालिकाको गत आ.व.२०८१/०८२ को अन्तिम लेखा परीक्षण पश्चात प्राप्त प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा औंल्याईएका वेरुजुहरु असुल उपर गर्ने, नियमित गर्ने र सम्परीक्षण गर्ने सम्बन्धमा मिति २०८२/०७/१९ गते बसेको लेखा समितिको निर्णय कार्यान्वयन गर्न/गराउन रामेछाप नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतलाई निर्देशन दिने।

निर्णय नं. १४

रामेछाप नगरपालिका वडा नं.३ महतटोल बस्ने श्री ठेट बहादुर महतको घरमा विद्युत सर्ट भई मिति २०८२/०७/१५ गतेका दिन आगलागी भई घर पूर्ण रुपमा क्षति भएकोमा निजलाई वसोवास व्यवस्थापनको लागि नगर विपद् व्यवस्थापन कार्यविधि एवं मापदण्ड वमोजिम रु.२५,०००।- (पच्चीस हजार मात्र) राहत रकम उपलब्ध गराउने ।

निर्णय नं. १५

रामेछाप नगरपालिकाको विकास निर्माण र सेवा प्रवाह सहजताको लागि गत विगतमा बनेका कानून तथा कार्यविधिहरुमा अस्पष्टता रहको, अधुरो रहेको र संशोधन गर्नु पर्ने देखिएकोले हाल सम्म बनेका कानून तथा कार्यविधिहरुको शूक्ष्म अध्ययन गरी संशोधन र परिमार्जनका लागि अर्को कार्यपालिका बैठकमा पेश गर्न विधायन समितिलाई निर्देशन दिने ।

निर्णय नं. १६

रामेछाप नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परीक्षण गर्नका लागि नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२/०५/०२ गते प्रकाशित सूचना बमोजिम रितपूर्वक सूचीकृत हुन आएका देहायका लेखा परीक्षक फर्म वा कम्पनीहरु सफल भएकोले तपशिल अनुसार अन्तिम लेखा परीक्षण गर्न सम्बन्धित फर्म/कम्पनीहरुलाई तोक्ने।

तपशिल:

| क्र. स. | लेखापारीक्षकको नाम | श्रेणी /वर्ग | विद्यालयको नाम |
|---|---|---|---|
| १ | एम.पि पौडेल एण्ड एसोसियटस | घ | जल्पा गुठेश्वरी आधारभूत विद्यालय, कमलबारी |
| २ | विनोद अधिकारी एण्ड एसोसियटस | ग | श्री जनाता मा वि कोलोन्जोर |
| ३ | प्रकाश के.सि एण्ड एसोसियटस | घ | गैयाश्वरी आधारभूत विद्यालय, सुकाजोर |
| ४ | वि.ए.टि.ओ. कम्पनी | ख | गौरीशंकर मा. वि. रामेछाप |
| ५ | नेत्र कार्की एण्ड एसोसियटस | ख | आधारभूत विद्यालय, मुढेखोला |
| ६ | एन.एल.पि एण्ड एसोसियटस | ख | सिद्धेश्वर आधारभूत विद्यालय, खानीडाँडा |
| ७ | आर.के घिमिरे एण्ड एसोसियटस | ख | चण्डेश्वरी मा.वि गोठगाउँ |
| ८ | आ.र. चालिसे एण्ड एसोसियटस | ख | रेणुका देवि मा.वि. धारापानी |
| ९ | जित श्रेष्ठ एण्ड एसोसियटस | ख | सुनकोशी आधारभूत विद्यालय, हर्दिनी |
| १० | प्रकाश आचार्य एण्ड एसोसियटस | सि.ए. | श्री पटनादेवी माध्यामिक विद्यालय,भालुखोप |
| ११ | एस.पि.ढुंगेल एण्ड कम्पनी | ख | भुमेथान आधारभूत विद्यालय, भिरपानी |
| १२ | के सिलवाल एण्ड एसोसियटस | घ | मुडकेश्वरी आधारभूत विद्यालय, रामेछाप |
| १३ | लवजू एसोसियटस | ख | गोल्माडाँडा आधारभूत विद्यालय, दाइजोर |
| १४ | डि.वि.खत्री एण्ड एसोसियटस | ग | शिवालय आधारभूत विद्यालय, माझीगाँउ |
| १५ | के.वी खत्री एण्ड एसोसियटस | ख | कालिकादेवी मा.वि देउराली |
| १६ | देवकोटा एण्ड कम्पनी | घ | कालिका आधारभूत विद्यालय, धमिनिछाप |
| १७ | वि.पि. देवकोटा एण्ड एसोसियटस | घ | जनसक्रिय आधारभूत विद्यालय, होदिल |
| १८ | अनिता एण्ड कम्पनी | ख | केवलेश्वर आधारभूत विद्यालय, सल्ले |
| १९ | आर .एन.एण्ड कम्पनी | ग | नवप्रभात आधारभूत विद्यालय, राताटार |
| २० | रघुनाथ एण्ड कम्पनी | ग | वालमन्दिर आधारभूत विद्यालय, रामेछाप |
| २१ | अमिर मास्के एण्ड एसोसियटस | ग | वालकल्याण आधारभूत विद्यालय, आरुवोट |
| २२ | अच्युत ढकाल एण्ड एसोसियटस | ख | भुमेश्वरी आधारभूत विद्यालय, वादी |
| २३ | एम.के पोखरेल एण्ड कम्पनी | ग | श्री कृष्ण आधारभूत विद्यालय, कुशवसेरी |
| २४ | वि.कायस्थ एण्ड कम्पनी | ख | ककनी देवी आधारभूत विद्यालय, पुछारवारी, देउराली |
| २५ | ईश्वरी दाहाल एण्ड एसोसियटस | ख | भिमेश्वर माध्यमिंक विद्यालय, रामपुर |

| | | | |
|---|---|---|---|
| २६ | आर.पि. उप्रेती एण्ड एसोसियटस | ख | जलकन्यादेवी आधारभूत विद्यालय, कटुञ्जे |
| २७ | आचार्य सागर एण्ड एसोसियटस | ग | जनकल्याण माध्यमिक विद्यालय, च्यास्कु |
| २८ | के. पोखरेल एण्ड एसोसियटस | ख | महाकाली आधारभूत विद्यालय, मुडाजोर |
| २९ | एम. के. श्रेष्ठ एण्ड एसोसियटस | ग | महाँकाली आधारभूत विद्यालय, लाम्टे |
| ३० | एम.एस. भट्टराई एण्ड एसोसियटस | ख | जनता आधारभूत विद्यालय, तिलवारी, हिमगंगा |
| ३१ | डि. पंकज एण्ड एसोसियटस | सि.ए. | शितलादेवी मा.वि.सिरुवारी |
| ३२ | एम.श्रेष्ठ एण्ड एसोसियटस | ख | सेतीदेवी आधारभूत विद्यालय, धारापानी, देउराली |
| ३३ | झलक लामा एण्ड एसोसियटस | घ | नवजन जागृति आधारभूत विद्यालय, फलाटे, देउराली भूमेश्वर आधारभूत विद्यालय, गोठगाँउ |
| ३४ | बौद्ध एण्ड एसोसियटस | घ | शारदा संस्कृत मावि वावियाखर्क |
| ३५ | जे.के. एण्ड एसोसियटस | ग | चम्पादेवी आधारभूत विद्यालय, भिरकोट, देउराली |
| ३६ | गोपाल राउत एण्ड एसोसियटस | ग | जनसक्रिय आधारभूत विद्यालय, आँपडाँडा |
| ३७ | आर.एच अधिकारी एण्ड एसोसियटस | घ | रक्तमाला देवी आधारभूत विद्यालय, हिमगंगा |
| ३८ | केशव कुमार शर्मा एण्ड एसोसियटस | घ | महेन्द्रज्योती आधारभूत विद्यालय, ओखेनी |
| ३९ | एस पौडेल एण्ड एसोसियटस | ख | जाल्पादेवी आधारभूत विद्यालय, कातिके, देउराली |
| ४० | के नेपाल एण्ड एसोसियटस | ख | हिमगंगा माध्यमिक विद्यालय, साँघुटार |
| ४१ | फुयाल एण्ड एसोसियटस | ग | कालिका आधारभूत विद्यालय, विर्ताटार |
| ४२ | के.पि. रेग्मी एण्ड एसोसियटस | ख | सेतीदेवी आधारभूत विद्यालय, थाक्ले |
| ४३ | मास्के एण्ड एसोसियटस | घ | भिमेश्वर आधारभूत विद्यालय, ल्याङल्याङ |
| ४४ | ओम कृष्ण श्रेष्ठ एण्ड एसोसियटस | ख | महारुद्र माध्यमिक विद्यालय, वोलङ्गवोलङ्ग, हिमगंगा |
| ४५ | सुन्द्रास एण्ड एसोसियटस | घ | सिद्धेश्वर आधारभूत विद्यालय, खुर्पाती, गोठगाउ |
| ४६ | डि अधिकारी एण्ड एसोसियटस | घ | श्री माध्यमिक विद्यालय, भंगेरी, श्री सम आधारभूत विद्यालय, डुम्रीखर्क |
| ४७ | आ.एच अधिकारी एण्ड एसोसियटस | घ | श्री सरस्वती आधारभूत विद्यालय, खर्कभञ्ज्याङ |
| ४८ | वाई .पि. एण्ड एसोसियटस | ख | देवीस्थान आधारभूत विद्यालय, साहीटार |
| ४९ | सोम वस्नेत एण्ड एसोसियटस | घ | सिद्धेश्वर आधारभूत विद्यालय, धिपिडाँडा |
| ५० | यू श्रेष्ठ एण्ड एसोसियटस | घ | सेतीदेवी आधारभूत विद्यालय, सिम्ले |

CamScanner

निर्णय नं. १७

रामेछाप नगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्नका लागि आ-आफ्नो वडा भित्र रहेका सामुदायिक विद्यालयका कक्षागत विद्यार्थी संख्या तथा शिक्षकको विवरण स्थलगत रुपमा अध्ययन गरी यथासिघ्र नगरकार्यपालिकाको कार्यालयमा विवरण पठाउन सबै वडा कार्यालयलाई निर्देशन दिने ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

..............................
भोलाप्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

..............................
लवश्री न्यौपाने
प्रमुख

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल
२०७३